# FACTSHEET

**प्रतिषेध:** यो जानकारीपत्र शैक्षिक प्रयोजनका लागि मात्र हो। अंग्रेजीबाट सही अनुवाद गर्न हरेक प्रयास गरिए पनि, भाषा अनुवादको काम एकदमै जटिल हो र त्यसैले व्यक्तिगत अनुवादहरूमा त्रुटि पाइन सक्छन्। तपाईँको बच्चाको लागि यो जानकारी सही भएको निश्चित गर्नका लागि कृपया तपाईँको डाक्टर वा अन्य स्वास्थ्य व्यवसायीहरूसँग परामर्श लिनुहोस्।

# द्वि-तहको (Bi-level) भेन्टिलेसन

# Bi-level ventilation

## द्वि-तहको (Bi-level) भेन्टिलेसन भनेको के हो?

## What is Bi-Level Ventilation?

द्वि-तहको थेरापी (वा BiPAP) एक प्रकारको श्वासप्रश्वास सहायता हो जसले तपाईँको बच्चाको श्वास फेर्ने क्षमतालाई सहयोग गर्दछ। यसमा मास्क तथा द्वि-तहको मेसिनको प्रयोग संलग्न हुन्छन्। यो द्वि-तहको मेसिनले मास्कको माध्यमबाट चापलाई श्वासमार्ग तथा फोक्सोमा पुर्‍याउँछ। यसले श्वासप्रश्वासलाई सामान्य बनाउनका लागि श्वासमार्गलाई खोल्दछ।

सामान्य श्वासप्रश्वास महत्वपूर्ण हुन्छ किनकि यसले अक्सिजनलाई भित्र्याउन तथा कार्बन डाईअक्साइडलाई बाहिर्‍याउन सघाउ गर्दछ। द्वि-तहको थेरापीबाट दुई चरणमा चाप पुर्‍याइन्छ – इन्स्पिरेटोरी (श्वास लिने) चाप तथा एक्स्पिरेटोरी (श्वास फ्याँक्ने) चाप।



## तपाईँको बच्चालाई किन द्वि-तहको भेन्टिलेसन किन चाहिन्छ?

## Why does your child need Bi-Level Ventilation?

तपाईँको डाक्टरले तपाईँलाई भनेका छन् कि तपाईँको बच्चालाई सेन्ट्रल स्लिप एपनोइया नामक श्वासप्रश्वास समस्या (Central Sleep Apnoea – CSA) वा हाइपोभेन्टिलेसन छ। CSA को समस्यामा शरीरले निदाएको समयमा केही समयका लागि श्वास फेर्न बिर्सन्छ। जब तपाईँको बच्चाले प्रशस्त मात्रामा श्वास फेर्न सक्दैन तब हाइपोभेन्टिलेसन हुन्छ।




CSA र हाइपोभेन्टिलेसन समस्या तब मात्र हुन्छ जब तपाईँको बच्चा सुत्दछ। यस कारणका लागि तपाईँको बच्चालाई सुत्दाखेरि द्वि-तहको आवश्यकता पर्दछ। द्वि-तहले निदाएको बखत श्वासप्रश्वास मार्ग बन्द नहोस् भनेर चाप सिर्जना गर्दछ। यसले तपाईँको बच्चाको श्वासप्रश्वास दरलाई पनि सहयोग गर्दछ।

यदि तपाईँको बच्चा दिउँसो सुत्छ भने ती छोटो सुताइमा पनि द्वि-तहको प्रयोग गर्नु महत्वपूर्ण हुन्छ।

the children's hospital at Westmead

The Sydney children's Hospitals Network


© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

## हामी के गर्छौं?

## What will we do?

यदि तपाईँले आफ्नो निद्रा डाक्टरलाई क्लिनिकमा देखाउनु भएको छ र तपाईँको बच्चालाई द्वि-तहको आवश्यकता छ भन्ने निर्णय भएको छ भने तपाईँलाई हरेक शुक्रबार हुने "निद्रा क्लिनिक" (sleep clinic) मा भाग लिनका लागि बुक गरिन्छ। यस भेटमा तपाईँको बच्चालाई मास्क लगाइन्छ। द्वि-तहको थेरापी शुरू गर्नुपूर्व तपाईँको बच्चालाई मास्क लगाउने बानी बसाल्नु जरूरी हुन्छ। तपाईँले मास्कलाई घरमा लैजानुहुनेछ र आगामी केही दिनहरूका लागि छोटो समयहरूका लागि आफ्नो बच्चालाई मास्क लगाउनका लागि अभिप्रेरित गर्नुहुनेछ। यो तपाईँको बच्चा जागेको वा निदाएको अवस्थामा गर्न सकिन्छ, किनकि यसको उद्देश्य तपाईँको बच्चा मास्क लगाउन नडराओस् भन्ने निश्चित गर्नु हो। घरमा प्रयोग गर्नका निमित्त मास्क सापटी लिने जानकारी पनि तपाईँलाई प्रदान गरिन्छ। उपचार शुरू गर्नुपूर्व उनीहरूको अनुहारको हड्डीहरूको 3D फोटो तपाईँले लिनुहुनेछ। यसले हड्डीहरूको विकासको अनुगमन गर्न हामीलाई मद्दत गर्नेछ र मास्कले माथिल्लो दाँतहरूलाई दबाव वा चाप नदिने निश्चित गर्नेछ। मास्क तथा चाप उपचारको नियमिततासँगै 3D फोटो खिच्ने कामलाई हरेक 2-3 वर्षमा दोहोर्‍याउनु पर्छ।

जब हामी मेसिनमा चाप परिवर्तन गर्छौं र बच्चाहरू द्वि-तह प्रयोग गर्नमा अभ्यस्त हुन्छन् त्यसका लागि तपाईँका बच्चाहरू अस्पतालमा 3-4 रातका लागि आउनुपर्छ। यस समयमा तपाईँले चिकित्सा परिचारिका वा नर्स परामर्शदाता (Clinical Nurse Consultant – CNC) वा चिकित्सकीय नर्स विशेषज्ञ (Clinical Nurse Specialist – CNS) लाई भेट्नुहुनेछ र द्वि-तहको मेसिनका बारेमा जानकारी तथा शिक्षा प्राप्त गर्नुहुनेछ ताकि घरमा तपाईँले निश्चिन्त भएर चलाउन सक्नुहोस्। घरमा द्वि-तहको मेसिनमा केही समस्या आएको खण्डमा सम्पर्क गर्नका लागि तपाईँलाई सम्पर्क विवरण पनि प्रदान गरिनेछ। यदि तपाईँको बच्चा पहिले नै अस्पतालमा छ र निद्रा डाक्टरले उसलाई द्वि-तहको भेन्टिलेसन शुरू गर्नुपर्ने निर्णय गर्नुहुन्छ भने तपाईँले चिकित्सा नर्स परामर्शदाता (Clinical Nurse Consultant) वा चिकित्सा नर्स विशेषज्ञ (Clinical Nurse Specialist) लाई सोही दिन नै भेट्नुहुनेछ। उहाँहरूले तपाईँको बच्चालाई सही आकारको मास्क लगाइदिनुहुनेछ, शिक्षा प्रदान गर्नुहुनेछ र घरमा लैजानका लागि सामानलाई भाडामा लिने तरिकाको सम्बन्धमा जानकारी दिनुहुनेछ।

## तपाईँले कसरी मास्क तथा मेसिन प्राप्त गर्नुहुन्छ?

## How do you get the mask and machine?

बच्चाको अस्पतालसँग द्वि-तहको मेसिनको आपूर्ति सीमित छ जसलाई हामी परिवारहरूलाई शुल्क लिएर सापट दिन्छौं। सापटी शुल्क बच्चालाई आवश्यक मेसिनको प्रकारमा भर पर्छ। तपाईँसँग स्वास्थ्य हेरचाह कार्ड भए कृपया हामीलाई खबर गर्नुहोस्, ताकि हामी कुनै पनि खरिद वा कोषको आवेदनका लागि सहयोग गर्न सकौं।



पहिलो पटक जब तपाईँको बच्चालाई द्वि-तहमा राखिन्छ तपाईँले Westmead को बच्चाको अस्पतालमा मास्कको लागि रकम तिर्नु पर्दछ। यो शुल्क एकपटकको लागि $100 को हो र यसलाई क्यासियरकहाँ गएर तिर्नुपर्छ (आकस्मिक विभागको छेउमा)। 6 महिनाभन्दा कम उमेरको बच्चाको हदमा बाहेक, अन्य अतिरिक्त मास्कलाई खुद्रा बिक्री केन्द्रहरूमा किन्नु पर्छ।



एउटा मास्कको खुद्रा मूल्य लगभग $250-$300 पर्छ। भविष्यमा तपाईँले खुद्रा बिक्रीमा गएर किन्नुपर्ने मास्कको विस्तृत विवरण हामी प्रदान गर्दछौँ।

## तपाईँको बच्चाले कतिञ्जेलसम्म द्वि-तहको मेसिन प्रयोग गर्नुपर्छ?

## How long will your child need to use Bi-Level Ventilation?

प्रायः गरी द्वि-तहको थेरापी एउटा लामो समयको उपचार हो। यसकारण यो *महत्वपूर्ण छ कि तपाईँले फलो अप भेटका लागि समय लिनुस्* तपाईँको निद्रा/श्वासप्रश्वास डाक्टरसँग। तपाईँको बच्चाको प्रगतिलाई अनुगमन गर्न उनीहरूको नियमित निद्राको अध्ययन गरिनु पर्ने जरूरत हुन्छ।

© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.

## अन्य प्रतिकृया

## Other comments

जब तपाईँको बच्चलाई Bi-PAP सहित घर पठाइन्छ तपाईँ Centrelink मा Essential Medical Equipment Payment का लागि योग्य ठहरिनु हुन्छ। यो $140 वार्षिक भुक्तानी हो। Centrelink मा लैजानका लागि तपाईँ तथा तपाईँको डाक्टरले आवेदन पूरा गर्नुपर्ने हुन्छ।

धेरैजसो Bi-PAP मेसिनहरूमा आन्तरिक ब्याट्री हुँदैनन्। तपाईँ यसका लागि सचेत हुनुपर्छ कि बिजुली नभएको समयमा यसले काम गर्ने छैन। तपाईँलाई आफ्नो विद्युत आपूर्तिकर्तालाई सम्पर्क गरेर आफ्नो परिवार सदस्य Bi-PAP प्रयोग गर्नेबारेमा अवगत गराउनुपर्ने सुझाव दिइन्छ। यसका लागि हामी तपाईँलाई एउटा फाराम दिन्छौँ जसबाट तपाईँ विद्युतको बिलमा पनि छुट प्राप्त गर्न सक्नुहुन्छ।

## घरमा तपाईँको बच्चा बिरामी भयो भने के गर्ने?

## What if your child becomes unwell at home?

यदि तपाईँको बच्चा बिरामी भयो र आकस्मिक विभागमा ल्याउनुपर्ने आवश्यकता भयो भने तपाईँले सबै द्वि-तहको उपकरणहरू आफूसँगै ल्याउनुपर्छ।

यदि तपाईँको बच्चाले छिटो छिटो र आवाज निकालेर श्वास फेरिरहेको छ वा श्वास फेर्नलाई कठिनाइ भइरहेको छ भने तुरून्त डाक्टरलाई भेट्नुपर्छ।

यदि समस्या अत्यन्त गम्भीर हो भने तपाईँले बच्चाको ओठवरिपरि कालो रंग देख्नुहुन्छ वा उनीहरूले श्वास फेर्न छोडेपछि रोकावटहरू याद गर्नुहुन्छ। यदि यस्तो भएमा तपाईँले एम्बुलेन्स (000) बोलाउनुपर्छ।

## सम्पर्क

## Contacts

चिकित्सा नर्स परामर्शदाता (Clinical Nurse Consultant)
(02) 9845 2572

चिकित्सा नर्स विशेषज्ञ (Clinical Nurse Specialist)
(02) 9845 0230

बायोमेडिकल इञ्जिनीयरिङ् विभाग
(Biomedical Engineering Department)
(02) 9845 2602

## याद गर्नुहोस्:

## Remember:

- तपाईँको बच्चाले हरेक पटक सुत्दाखेरि द्वि-तहको प्रयोग गर्नुपर्छ।
- यदि योजनामा राखिएको छ भने, हामीले अस्पतालमा द्वि-तह शुरू गर्नुपूर्व तपाईँको बच्चाले मास्क लगाउनमा अभ्यस्त भइसक्नु पर्छ।
- तपाईँले द्वि-तहको मेसिन भाडामा लिने वा खरिद गर्नपर्ने हुन्छ।
- तपाईँले द्वि-तहको मास्क लामो समयका लागि खरिद गर्नुपर्ने आवश्यकता हुनेछ।
- द्वि-तह प्रयोग गर्ने बालबालिकालाई नियमित परीक्षण तथा फलो अप गर्नुपर्ने आवश्यकता हुनेछ।

## तस्वीरहरूका लागि अभिस्वीकृति

Philips Home Healthcare ग्राहक हेरचाह नम्बरः
1300 766 488

Devilbiss Healthcare Australia

© The Children's Hospital at Westmead, Sydney Children's Hospital, Randwick and Kaleidoscope Children, Young People and Families.